नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा, टेकु, काठमाडौँ, नेपाल

# ५ वर्ष देखि १२ वर्ष मुनिका बालबालिकाहरूलाई दिइने फाइजर-बायोएनटेक खोप (सुन्तला रङ्गको बिर्को भएको) प्रयोग सम्बन्धि अन्तरिम मार्गदर्शन- २०७९ जेठ

## १. हालसम्म विकास र प्रयोग भएका फाइजर-बायोएनटेक खोपको परिचय

कोभिड-१९ रोग विरूद्धको यो खोप कोरोना भाइरस 'SARS-CoV-2' को अनुवांशिक तत्व 'RNA' प्रयोग गरेर तयार गरिएको हुन्छ । यो खोपलाई विश्व स्वास्थ्य संगठनले आपत्कालिन प्रयोगको लागि सूचीकृत गरेको छ, साथै नेपालमा पनि औषधि व्यवस्था विभागले यसको प्रयोगका लागि अनुमति प्रदान गरेको छ । यो खोपको प्रभावकारिता ९१% सम्म रहेको अध्ययनले देखाएको छ । यो खोपको मात्रा, बनावट र विधि तलको तालिकामा व्याख्या गरिएको छ ।

**फाइजर- बायोएनटेक खोपको प्रस्तुति, सिफारिस उमेर, तालिका र खोप भण्डारण तथा प्रयोग गर्न मिल्ने अवधि**

| | Purple Cap (१२ वर्ष र सोभन्दा माथिका लागि) | Gray Cap (१२ वर्ष र सोभन्दा माथिका लागि) | Orange Cap (५-१२ वर्ष मुनिको लागि) |
|---|---|---|---|
| प्रति भायल मात्रा | ६ मात्रा (घोलेपछि) | ६ मात्रा | १० मात्रा (घोलेपछि) |
| घोलक | • ०.९% सोडियम क्लोराइड<br>• एक भायल घोल्नको लागि १.८ मि.लि. घोलक | • घोल्न नपर्ने र<br>• प्रयोग गर्न तयारी अवस्थामा उपलब्ध हुने | • ०.९% सोडियम क्लोराइड<br>• एक भायल घोल्नको लागि १.३ मि.लि. घोलक |
| लगाउने मात्रा | • ०.३ मि.लि (30 micrograms) | • ०.३ मि.लि (30 micrograms) | • ०.२ मि.लि (10 micrograms) |
| पटक | २ पटक | | |
| पहिलो र दोस्रो मात्रा बीचको अन्तराल | कम्तिमा २१ दिन पछि | | |
| खोप लगाउने शरीरको भाग | बायाँ पाखुराको बाहिरी माथिल्लो भाग | | |
| खोप लगाउने माध्यम | सूईद्वारा मासु (IM) भित्र | | |
| खोप प्रयोग गर्ने अवधि | घोलिसकेपछि जति सक्दो चाँडे र अधिकतम ६ घण्टा भित्र | | |
| सिफारिस गरिएको उमेर | १२ वर्ष र सोभन्दा माथि | १२ वर्ष र सोभन्दा माथि | ५-१२ वर्ष मुनि उमेर |

| | | |
|---|---|---|
| अल्ट्रा कोल्डचेन (-६०° देखि-९०° से.) मा भण्डारण | ९ महिना | |
| प्लस तापक्रम (२° देखि ८° से.) मा भण्डारण | ३१ दिन भित्र | १० हप्ता |

# खोप तयारी गर्ने र लगाउने तरिका

## खोप घोल्नुभन्दा अगाडि गर्नुपर्ने कुराहरू



- ५-१२ वर्ष मुनिका बालबालिकाहरूलाई दिने खोप भायल यकिन गर्नुहोस् । (भायलको बिर्को सुन्तला रङ्को)
- खोप भायल र घोलक +२° देखि +८° से. तापक्रममा रहेको सुनिश्चित गर्नुपर्दछ । यसको लागि घोलकलाई खोपसँगै कम्तिमा १२ घण्टा +२° देखि +८° से. तापक्रममा राख्नुहोस् ।
- खोप भायल प्रयोग गर्न मिल्ने अवधि भित्र भएको र म्याद नगुज्रिएको सुनिश्चित गर्नुपर्दछ ।
- खोप भायलको झोलको रङ्ग परिवर्तन नभएको र कणहरू नदेखिएको सुनिश्चित गर्नुपर्दछ ।



- खोप घोल्नु अगाडि भायललाई बीचमा समाएर विस्तारै १० पटकसम्म तल र माथि गर्नुहोस् तर हल्लाउनु हुँदैन ।

## खोप घोल्ने तरिका



- खोप घोल्न खोपसँगै आएको घोलक घोल्ने सिरिञ्जमा १.३ मि.लि. तान्नुहोस् ।
- खोप भायलमा घोलक बिस्तारै मिसाउनुहोस् ।

## याद गर्नुहोस्



- खोपसँग प्राप्त भएको घोलक मात्र प्रयोग गर्नुपर्दछ । एक पटकमा एउटा भायल मात्र घोल्नु पर्दछ ।
- खोप घोल्नको लागि २ मि.लि.को डिस्पोजेबल सिरिञ्ज उपलब्ध हुन्छ ।
- एउटा भायल घोल्न एउटा घोलक मात्र प्रयोग गर्नु पर्दछ । एउटा घोलक अर्को खोप घोल्न कदापी प्रयोग गर्नु हुदैन ।
- खोप भायलमा घोलक राखेपछि भायल भित्रको हावाको चाप मिलाउनु पर्दछ ।
- यसको लागि घोलक सिरिञ्जलाई खोप भायलबाट बाहिर ननिकाल्दै खाली सिरिञ्जमा १.३ मि.लि. हावा तान्नु पर्दछ ।



- सिरिञ्ज बाहिर निकालेपछि भायललाई बीचमा समाएर पुनः बिस्तारै १० पटकसम्म तल र माथि गर्नुहोस्, तर हल्लाउनु हुँदैन ।

### याद गर्नुहोस्ः

- यो खोप घोल्दा १० पटक तल माथि गर्दा फिँज आउनु हुँदैन । तसर्थ फिँज नआएको यकिन गर्नुहोस् ।



- भायलमा खोप घोलेको मिति र समय लेख्नुहोस् ।
- घोलेको खोप भायललाई अनिवार्य भ्याक्सिन क्यारियरभित्र माथि रहेको फोम प्याडमा राख्नुहोस् ।
- खोप घोलेको ६ घण्टापछि वा सेसनको अन्त्य, जुन पहिला आउँछ, त्यसपछि खोपलाई विसर्जन गर्नुपर्दछ ।

## खोप लगाउने तरिका






- यस अभियानमा उपलब्ध गराइएका १ मि.लि वा ०.२ मि.लि. को ए.डि सिरिञ्जमा ०.२ मि.लि. खोप तान्नुहोस् ।
- सिरिञ्जमा ठीक मात्रा तानेको यकिन गर्नुहोस् र एयर-बबल छ भने भायलबाट निडल बाहिर ननिकाल्दै त्यसलाई मिलाउनुहोस् ।
- बायाँ पाखुराको माथिल्लो बाहिर भागमा मासुभित्र खोप लगाउनुहोस् ।

### याद गर्नुहोस्

- यो खोप ०.२ मि.लि. तानेर दिंदा एउटा भायलमा १० मात्रा खोप हुन्छ ।
- यो खोपसँग १० मात्रा प्रति भायलका दरले मात्र ०.२ मि.लि. को ए.डि सिरिञ्ज वा ग्राजुएसन (धर्का) सहितको १ मि.लि को सिरिञ्ज उपलब्ध हुनेछ ।
- एउटा भायलबाट १० मात्रा खोप निकालेपछि त्यस भायलमा बाँकी रहेको खोप बिसर्जन गर्नुपर्दछ ।




- प्रयोग गरेको सिरिञ्ज र निडल सेफ्टी बक्समा राख्नुहोस् ।
- प्रयोग भएका खाली भायल, घोलक र अन्य फोहरहरू छुट्टा-छुट्टै संकलन गर्नुहोस् ।
- प्रयोग भएका खाली भायल सुरक्षित तरिकाले स्वास्थ्य संस्थामा ल्याएर कम्तिमा १ महिनासम्म राख्नुहोस् ।

## खोप परामर्शः परामर्श गर्दा निम्न कुराहरू अनिवार्य भन्नुहोस्

- यो खोप सुरक्षित र प्रभावकारी छ र सामान्य असर, जस्तै- ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने हुनसक्छ तर केही दिन पछि आफैँ ठीक हुन्छ ।
- यो खोप २१ दिनको फरकमा २ मात्रा लगाउनु पर्दछ ।
- खोप लगाएपछि हुनसक्ने अवाञ्छित घटनाको निगरानीको लागि खोप लिएपछि ३० मिनेटसम्म खोप केन्द्रमा अनिवार्य रुपमा बस्नु पर्दछ ।
- खोप लगाएको केही दिनसम्म कुनै कडा बिरामी वा समस्या भएमा स्वास्थ्य संस्थामा तुरून्त सम्पर्क गर्नु पर्दछ ।
- दोस्रो मात्रा खोप लिन आउँदा खोप कार्ड लिएर आउनु पर्दछ ।
- साबुन पानीले हात धुने वा सेनिटाइजर प्रयोग गर्ने र मास्क लगाउने जस्ता सुरक्षाका मापदण्डहरू सबैले पालना गर्नु पर्दछ ।

## फाइजर-बायोएनटेक खोप लगाउन नहुने अवस्था

- ५ वर्ष भन्दा कम र १२ वर्ष वा सो भन्दा बढी उमेरको व्यक्ति
- पहिलो मात्रा लगाएपछि कुनै पनि गम्भिर प्रकारको एलर्जिक प्रतिक्रिया (Anaphylaxis) भएको
- यो खोपमा भएको कुनै तत्वको कारणबाट गम्भिर प्रकारको एलर्जिक प्रतिक्रिया भएको

## फाइजर-बायोएनटेक खोप तत्कालको लागि लगाउन नहुने अवस्था

- Immunoglobulin/Monoclonal antibodies/Convalescent Plasma उपचारमा भएको व्यक्तिलाई यो खोप लगाउनु हुँदैन, तर यस प्रकारको उपचार लिएको ९० दिनपछि यो खोप लगाउन हुन्छ ।
- कोभिड-१९ संक्रमित भएको अवस्थामा यो खोप लगाउनु हुँदैन तर निको भएको ३० दिनपछि यो खोप लगाउन हुन्छ ।
- कुनै पनि प्रकारको गम्भिर बिरामी भएको वा उच्च ज्वरो आएको अवस्थामा यो खोप लगाउनु हुँदैन, तर यस प्रकारको अवस्था ठीक भएपछि यो खोप लगाउन हुन्छ ।
- Bleeding disorders, Coagulation disorders, Clotting factor deficiency, Coagulopathy, Platelet disorders, Anticoagulation therapy का व्यक्तिलाई यो खोप दिन सकिन्छ तर त्यस्ता व्यक्तिलाई विशेष निगरानीको जरूरी हुन्छ ।

## खोप लगाएपछि हुनसक्ने सामान्य असरहरू

- सूई लगाएको ठाउँमा दुख्ने, हल्का रातो हुने र सुनिने
- टाउको दुख्ने, जाडो हुने र ज्वरो आउने
- मांसपेशीहरू दुख्ने र जोर्नीहरू दुख्ने
- खान मन नलाग्ने, वाकवाकी लाग्ने र पखाला लाग्ने
- थकाइ लाग्ने
- तर यी सामान्य असरहरू २-३ दिनपछि आफैँ ठीक हुन्छन् ।

नोट :

१. यदि लगातार वा असह्य टाउको दुखेमा, कम्पन आएमा, शरीर चिलाउने, विमिरा आउने, श्वास फेर्न गाह्रो भएमा, छाती दुखेमा, लगातार पेट दुखेमा, खुट्टा दुखेमा वा सुन्निएमा, शरीरको कुनै पनि अंग कम्जोर वा लुलो भएको महसुस भएमा तुरून्त चिकित्सकको परामर्श लिनुपर्दछ ।

२. कुनै पनि खोप लगाउँदा विरलै देखिने तर गम्भिर हुने एलर्जिक प्रतिक्रिया (Anaphylaxis) को सम्भावना हुनसक्छ । यस प्रकारको असर सामान्यतया खोप लगाएको ५ मिनेट देखि आधा घण्टा भित्र हुनसक्छ । त्यसैले, खोप लगाएपछि आधा घण्टा सम्म खोप केन्द्रमा स्वास्थ्यकर्मीको निगरानीमा बस्नुपर्दछ । एनाफाईलेक्सिस भएमा त्यसको तत्कालै व्यवस्थापन गर्न प्रत्येक खोपकेन्द्र स्तरमा Adrenaline र १ मि.ली सिरिञ्जको (१०० वटा सानो धर्का भएको) अनिवार्य व्यवस्था गर्नुपर्दछ अन्यथा खोप लगाउन शुरू गर्न हुँदैन ।

## अभिलेख तथा प्रतिवेदन

१. अन्य कोभिड खोप अभियानकै रजिष्टरमा अभिलेख गर्ने ।

२. खोप अभियान सम्पन्न भएपछि वडा/स्वास्थ्य संस्थाले यस अघिको प्रतिवेदन फारममा उतार गरी ३ दिन भित्र स्थानीय तहमा पठाउने ।

३. स्थानीय तहले सबै वडाको प्रतिवेदन प्राप्त गरी ५ दिन भित्र समायोजन गरेर DHIS2 मा अनिवार्य प्रविष्ट गर्ने र १ प्रति स्वास्थ्य कार्यालयमा पठाउने ।